# दुष्यन्त-शकुन्तला भेट



लक्ष्मीप्रसाद देवकोटा

# दुष्यन्त-शकुन्तला भेट

(खण्डकाव्य)

लक्ष्मीप्रसाद देवकोटा

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति नि:शुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक नि:शुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२५

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : साझा प्रकाशन
*संस्करण* : दोस्रो २०६४
*ISBN* : 978-99933-2-609-0

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2025-12-27, 08:05:57 UTC
*Latest minor Correction* : 2025-12-27, 08:05:57 UTC
*Sahityaras ebook id* : 20251227080557

**Cover art**
*Sakuntala with two women surprised by King Dushyanta*
Pune : Chitrashala Press, Unknown date

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

दुष्यन्त-शकुन्तला भेट

# दुष्यन्त-शकुन्तला भेट

(१)

अरण्यवासी नरेन्द्र तेजी मलीन छन् ती सदा उदासी
शकुन्तलाको मुहार देखी अनन्त दुःखी अनन्त प्यासी।
झलक्क झल्की परै रहेको विचित्र सपना समान हाँसी
अरण्य सुषमा नदेखिँदामा स्मृति प्रभाले वनै सुवासी ॥

(२)

समुच्चतामा स्वकीय दिव्य जगत्की रानी प्रकाशवाली
कुमुदकी आशा, निशा जगत्की परीहरूकी मिठासवाली।
सुदूर नीलो जगत्-उज्याली सुशान्त आभा अमृतकी थाली
शकुन्तला ती भजेर हिँड्छन् चकोर प्रेमी भिजाई डाली ॥

(३)

न तौल लिन्छन् न मोल लिन्छन् कुवेर धनले विलास जनले
न रत्नहरूले प्रकाश लिन्छन् न ताज चम्किन्छ कीर्ति धनले।
न जिन्दगी नै छ मूल्यदार न खानु पिउनै छ पोषसार
मुहार दुब्ला चकोर छन् ती मलीन दिनमा विना शिँगार ॥

(४)

गरेर यात्रा शिकार सौखी शिकार बन्दा बसेर वनमा
विलम्ब भोग्छन् अनन्त लामा वियोग बाधा मलीन क्षणमा।
असह्यता नै बनी डढेलो छ अन्तरात्मा रुँदै बचेको
न देख्नु हुन्थ्यो जो लाश जीवन छ संभ्कनाबाट ब्यूँतिएको ॥

(५)

न झर्छ वर्षा न जान्छ तिर्षा न आँसु सुक्छन् न जान्छ बदली
झमक्क पर्दा अँधेर खालि छ संभ्कनाको झिलिक्क बिजुली।
झलल्ल पारी समस्त भारी अनन्त सुषमा सफा उघारी
धिपिक्क निभ्ने धपक्क बल्दै छ झन् विषादान्धकारकारी ॥

(६)

न आँसु झर्छन् झरेर दिलमै वफाउँदा ती ठडेर फिर्छन्
अनन्तचारी विशालतामा सतृष्ण बादल शिँगार भर्छन्।
विलास दुखका बनी सुनौला उडेर खोजी बनी विचर्छन्
शकुन्तलाको उषा मुहार स्मृति प्रभाका बुनौट पर्छन्।
कहीँ खरानी बनेर जल्दै गुमेर रँग सब जलेर मर्छन्
कहीँ खरानी फुलेर फेरि सुवर्ण चूली भजेर फिर्छन् ॥

(७)

प्रबुद्ध जलमा तरंग जस्ता उषा उज्यालो चली समीर
विचार लहरी परेर छाती सदैव चल्थ्यो बनी अधीर।
सुवर्ण छाया परेर झल्की नछोइने भै सुदूर चित्र
छ हेर तृष्णा तरल विमल जल शकुन्तलाको प्रकाशभित्र।

(८)

लिई बहाना कुटी चिहाऊँ भ्फलक्क घुट्को पिएर आऊँ
दुवै नजरका भरेर नानी अथाह शोभा लुकी समाऊँ।
सुवास चोरी हवालु मनले लुटुक्क त्यसमै गुमी निदाऊँ
लुकेर चोरी मिठास यौटा श्रवण सुधाले कहीँ रसाऊँ।
कहीं कुनामा हरा लुकेकी वसंत छाया सरी भ्फुकेकी
उरोज आधा कडा फुकेकी रंगीनपनको मजा सिकेकी।
पवित्र बास्ना मिही भ्फिकेकी र आधि लज्जा बनी लुकेकी
प्रसून बैँसे भ्फलक्क देखी अतृप्त आत्मा सुखी बनाऊँ।
भनेर यस्ता तरंग तृष्णा उठेर हेर्दा पुलुक्क वनमा
निराश हुन्थे नपाइनाले, सदैव आशा भरोस मनमा ॥

(९)

म भन्छु सत्को छ मोहनी जो छ नाम उसको अनन्त शोभा
कहीँ सुमनमा कहीँ गगनमा, कहीँ छ वनमा कहीँ नयनमा।
छ ध्येय उसको अनन्त सत्को पथानुसारी बनाउने जो
मनुष्य आत्मा खिँचेर लिन्छे गरेर टूना विचित्रता त्यो ॥

(१०)

वियोगलाई छ वेदनाको क्रिया उज्यालो र स्वस्थ सुन्दर
संयोगलाई छ प्रेम-पथको पुछारमा त्यो अनन्त मन्दिर।
छ कामिनी त्यो त्यहाँ उज्याली यता छ संध्या उता उषा छ
मनुष्य आत्मा खिँचेर जाने शिँगार गर्दी छ, षोडशा छ ॥

(११)

धरेर मिथ्या भ्फरेर आँसु मनुष्य आत्मा सधैँ पिपासु

न टिप्न सक्छन् अजान आत्मा, समाउँदा छन् सदैव मासु।
अनित्य भाव-प्रभावद्वारा अनित्य पत्ती झरेर जान
गुलाफ जस्ता लिई पखेटा उडीरहेकी छ स्वर्ग जान ॥
बुझेर विषयी उ मर्त्यलाई गरेर टूना मुसुक्क मुस्की
कतै छ नखरे नटी फुलेकी, कतै छ बास्ना प्रसून फुस्की।
उडेर जान्छे अनित्य भाव प्रसार द्वारा भजे, फकाए ॥
उडान दिन्छे खिँचेर आत्मा सदैव सत्मा रही समाए ॥
उ पक्डनाका सदैव हामी अनन्त तृष्णा बनी रहेछौँ
वियोग योगादि भोग्नुबाटै चिनेर सत् त्यो बढी रहेछौँ।
मनुष्य आत्मा छ सत्य भज्ने र सत्य जो हो उ जान ईश
र मोहनी त्यो छ प्रेमद्वारा खुली रहेको त्यहाँ हमेशा ॥

(१२)

सुचारु लज्जा लिएर दब्छे असत्य त्राशी बनेर छिन छिन्
लिए टूना अगाडि सर्छे उचाल्न आत्मा-सुधार्न दिन-दिन।
अनंत प्रेमी पुऱ्याइदिन्छन् त्यहाँ प्रभुले कति वियोग-
हरूको आगो र आँसु हाली पुछारमा होस भनेर योग ॥

(१३)

बनेर यात्री फिरीरहेछौ जगत्को वनमा-लिएर प्यास
छ संझनाको झिलिक्क झल्काहरू खुलेको यहाँ मिठास।
स्मृति प्रबोधी छ रूप रंग, विहंग बोली समान आश
झलक्क झल्की छ अल्पिदी त्यो सदा बढाई अनंत प्यास ॥

(१४)

सदा छ भेटूँ सदा छ हार मनुष्यआत्मा भजी मुहार

छ जिन्दगी नै अनंत तृष्णाहरूको लहरा चलेको सारा।
छ चारु पर्दा अभावनामा र छैन जस्तो सदैव भान
तथापि खोजी उठीरहेको दिएर जीवन दिएर प्राण ॥

(१५)

'मिठास दुखमा दिएर बस्छे, छ आँसु झल्का बनीरहेकी
मलीन बादलविषे बिजुली बनेर झल्की उठिरहेकी।
निराश जस्तो अँधेरलाई बनेर तारा खुलीरहेकी
तुषारमाथि वसंत रच्दी नवीन आशा बनीरहेकी ॥

(१६)

उसैको जादू अनेक पर्दा अज्ञात प्रेरण-विचित्र गर्दा
छन् बैँसवाला सुरम्य वनमा स्वरूप छानेर प्रेम गर्दा।
उचाल्न माग्छे अनंत-श्रद्धा, सच्चाइ सुन्दर, अमर लगान
अनित्य त्यागी उपर उडेको विश्वास नै हो जगत्को प्राण ॥

(१७)

तथापि हामी कहीँ त भुल्छौँ फसेर साना कुराहरूमा
जगत् छ बोझा असत् छ ज्यादै मिचीरहेको नयाँ मरूमा।
चिनेर आफ्नो बुझी लिनामा अनंत सुखको छ दिव्य योग
तथापि बिर्सी विषाद लिन्छौँ असार जीवन असार भोग।

(१८)

छ जो तपस्वी भजीरहेको नजर गराएर ध्यान बन्द
उही छ खोज्दो मनुष्यआत्मा लिएर प्रेमी सुचारु छन्द।
कहीँ कहीँ त्यो खुलेर कुंजी दयालु क्षणमा झलक्क बल्छे।

समाऊँ भन्दै भुलेर फिर्छौ कुवासनाले कुरीत लिन्छे ॥

(१९)

छ प्रेम भन्ने जगत् जरामा हो सिर्जनाको प्रथम प्रकाश
छ ईशलाइ जो सृष्टि प्रेरणा छ प्रेम-बाटै अनन्त खास।
अभाव त्यसको छ विश्व नाश, त्यहीँ छ आत्मा लिँदो मिठास
त्यहीँ छ फुल्दो सबै सुवास, त्यहीँ छ हाम्रो अनंत आश ॥

(२०)

उठी अगाडि सुनेर बोली उ कामनाको प्रथम प्रभात
शिँगार इच्छा लिएर जन्मी खुशाउनाको कलादिसाथ।
अनेक रंगी भएर आयो शवल प्रभामा विशाल शून्य
र स्वर्ग जन्म्यो अनंतभित्र संयोग सुन्दर प्रकाश धन्य ॥

(२१)

शिँगार राम्रा रची-शिँगारूँ भनेर पोशाक ठाँटवाला
बनेर प्रेमी अनंत लागे छिनाहरू ली मिही उज्याला।
कुँदे जगत् यो शिँगाररूपी, बुनेर ताराहरू सितारा
उ झिल्मिलाई प्रसन्न नखरे गरेर टूनाहरू हजाँरा ॥

(२२)

यता उ रँग्छे प्रवाल-ओठ, भ्रमरनजरमा उ बस्छे चंकी
कतै छ बाङ्गी सुचारु रेखा लिएर लज्जा कुँदेर फन्की।
अनेक पर्दापछाडि घुम्छे मिठासलाई अनंत पारी
रुलाउँदी औ रुलाउँदी उ विचित्र झल्काहरू उघारी।

(२३)

उ चाल लिन्छे कला-मिहीन अनेक रंगमा गएर नाची
उ शब्द लिन्छे तरंग मुखरी अनंत सुखमा मिठास जाँची।
जगत् बनाई नवीन फिर्छे अनंतलाई दिएर सपना
उ मोहिनीको पछाडि मोहन सलील हुन्छन् रचेर रचना ॥

(२४)

नृपेन्द्र हाम्रा अतीव राम्रा मदन-मुहारी विपिन-बिहारी
त्यही टूनामा दिएर पीछा बसीरहेछन् तृषा-भिखारी।
कहीँ मिली त्यो मिहीन झल्का प्रसून मुखले प्रसन्न बन्दा
मलीन फेरि अपूर्णताले षोडश कलाका पूजारी बन्दा ॥

(२५)

कहीँ लतामा गएर सोध्छन् तिमी उसैकी सँगी पियारी।
फुलेर आयो जो स्पर्श पाई छुँदा धनी भो रूँदो भिखारी
हरे! बताऊ तिनी कहाँ छन्? कदापि शोच्दी नुहेर लोचन
ती बैंस-वल्ली "पिऊँ पिऊँले" सजग बनेझैं थिइन् कि मोहन?

(२६)

कतै चराको गला-रँगीलो उषाबिहारी नयन-छवीलो
हवा छुने जो भुवालु छातीहरूको ढुकढुक् प्रभा रँगीलो।
सुबोल-रसना मिठास-पतला अनेक पल्लव रसाउनाले
प्रशाख आत्मा हरा निवासी सँगी बुझेका उही टुनाले ॥
अडेर भन्थे "उडेर जा! हे नजीक जाने सुखी पखेरु
तँ बोलिदे! यो छ एक वनमा अनंत विरही प्रकाश भीरु
नबोल्न पाई रुँदै हिँडेको बनेर फूलमा सदैव दाना

प्रसून छाती सुटुक्क च्याती त्यहाँ रहेका पुकार नाना ॥
यसो विहारी विचार गरिद्यौ नता छ मर्ने नपाइ खाना"
भनेर भन्दै विहंग संगी उनी उज्यालीले ब्यूँझिँदामा।
प्रसून सारा बनेर विरही विमल कणाले त्यहाँ रुँदामा
नजीक शाखा लिएर बोल्थे भविष्य सपना बनीदिँदामा ॥

(२७)

प्रवाल-रंगी सुचारु पल्लव मृदुलपनाले सुरेख रसमा
वसंत वनको मिठास चिल्लो छ मुस्मुसे जो उमेर वशमा
छ खालि टकले विकाशिएको, न बोलि फुट्दो छ हेर त्यसमा
तथापि बोले समान भान झझल्किएको म सुन्छु उसमा ॥

(२८)

गरेर वार्ता यही प्रकार विजन दशामा अनेकबार
बसीरहेका क्षितीश सामु सँगी ठट्यौला गएर लामु।
उहूँ उहूँले पिटेर छाती रुँदै विलापी अनेक भाँति
"मरेँ मरेँ नि" भनी विलप्छन् दुरूस्त दुःखी बनेर साथी
भयो! भयो के! भनेर सोद्धा उ भन्छे भो भोः नसोध बात
अँधेर सारा जगत् भयो नि! छ घाम मानो तुषार रात।
मरुत् छ जल्दो प्रसून झिल्का रंगीन छोई बलेर राप
सुवास हर्हर छ दन्किएको बने जलेको समान ताप ॥
प्रसून रोए लता लजाए, शशी गलेका छिपे कुनामा
र जून पोल्दो भयो निः कालो मसी अँध्यारो भयो दिशामा।
नबोल संगी! नबोल केही! अनंत सागर उछल्छ रोई
म भित्र दुखले तरंग ठूला छचल् मचल् भै किनार छोई।
तथापि देख्ने नदेख्छ मेरा अनंत रोदन मसाथ रोई ॥

(२९)

भएछ त्यस्तो विचित्र दुःख सखे बताऊ मलाई केही
भनेर केही मुसुक्क हाँस्दा वियोग बाधा भुलेर स्नेही।
नृपेन्द्र सोध्छन्: उ भन्छ खालि "बिभ्भ्यो कलेजा दुख्यो नि छाती
चिरेर हेरी-पढ त्यो छाती अदृश्य अक्षर-सुवर्ण रंगी।
त्यहाँ छ यौटै सुचारु नाम समस्त नन्दन हुने विहंगी ॥"

(३०)

त के बताऊ! भनेर सोद्धा उ भन्छ "हाँडी" सुचारु काली
सुपुष्ट छाती सलक्क बैँसे, सुरेख अंगी अनंत जाली।
सजेर गाजल टलक्क टल्की उसै टिपूँभैँ सुदीर्घ कोसे
कतै रिसाए समान राती कतै शरमले छ ठुस्स चोसे ॥

(३१)

तथापि बान्की अनंत राम्री छ लाम्चिली भै सुडोल गोल
सुवर्ण दाना मकैखँदीला मिठास सपना लिई अमोल।
मदनको ज्वरले रनक्क रन्की छ रापले त्यो फुलाउँदी ती
फुलेर उठ्छन् बनेर चाँदी जडाउ सुनमा फुकेर छाती ॥
उ भ्रोपडीमा किसानहरूको रहिछ राम्री सुचारु बाला
झलक्क सैकतहरूभै झल्कीरहेका टूना जहाँ उज्याला।
उ देखिनाले म प्रेम चिडिया बिभेर छाती रुँदै विलापी
रहेँ र सपना मकै फुलेका दयालुताले दिएर थापी ॥
चपाउँदैछु मिठास चमचम म आज दिनमा जिएर जीवन
नता म मर्थें कसोरी पाऊँ? ती प्यारी हाँडी अनंत मोहन?
मिलाई देऊ मलाइ संगी त्यो माधुरिमा सलक्क श्यामल

भजीरहेको विदीर्ण छाती झलक्क देख्दो छ कृष्ण गाजल ॥
मलाइ लाग्यो हरेः संगाती! अनंत तृष्णा अनन्त रुँ रुँ
त्यो कृष्ण टूना छ आज दिनमा सुमुग्ध मनमा भनेर "हूँ हूँ।"
गरेर बूढो रुलाइ झिक्दा क्षितीश हाँसे मिचेर पेट
र भित्रभित्रै दबाइ हाँसो रुँदो भयो ऊ सजल समेत ॥

(३२)

"लगाइदिउँला नमान धन्दा उ साथ गाला म शीघ्र तिम्रो
झलक्क पारी रंगाइ भारी त्यो कालो गाजल सरक्क सारी।
शिँगार पारी बिहा मलाई ध्वजा पताकाहरू सजाई
घुमाइदिउँला म आज वनमा अहाः दुलाहा भनी रमाई
भनेर उत्तर मिली ठट्यौले उ भन्छ" माफी! प्रभो बिराएँ ॥
भो कान पकडी गरेँ प्रतिज्ञा म प्रेम छाड्ने भए अघाएँ
छ एक हाँडी यो चारु वनमा छ ज्ञान खेती किसान कण्व।
विवाह गर्ने भए गरुँ कि बुझी अहा! त्यो सुरीति घन्य"
भनेर उसको जवाफ मिल्दा क्षितीश हाँसे भई प्रसन्न

(३३)

कहाँ उज्याली परीकी रत्न कहाँ यो उपमा दिने प्रयत्न
फुटेर आँखा पुगेर स्वर्ग छ अन्ध गोरू उही विरत्न।
यहाँ छ हीरा अगाडि ढेडू, यहाँ छ वीणा अगाडि भैँसी
अनंत महिमा विरोध गर्ने छ एक कानो मपाइँ जैसी ॥
नबुझ्न सक्नेहरूले ताज मिले उज्याली अमर पुरीको
त-माल गाँजा भजेर बेच्थे लिएर कौडी जगत्भरीको।
हवाहरूले बुझेर बास्ना विशाल सागर तरेर आए
नजीक बस्दो उपल छ कानो न फूल तिनले बुझी रमाए ॥"

भनेर घोची झसङ्ग बन्दो उ भन्छ त्यस्तो भए त फेरि
उपाय शोचूँ मिलाप गर्ने दयालु मनले नहोस्न देरी ॥

(३४)

प्रसन्न दिलका भएर भन्छन् मगज छ तिम्रो अनंत उर्वर
अनेक काँढा र फूल फुल्ने अनेक लहरा झुली छ बर्बर ।
नदीको माटो जो उब्जनीको लिएर ब्रह्मा मसुक्क भन्थे
मगज जो सिर्जूं यहाँ म त्यस्ता अरू भए सब न दुःख हुन्थे
जगत् रुँदो यो समस्त हाँसी सुखी रहन्थ्यो लिएर स्वाँग ॥

(३५)

ऊ भन्छ "पहिले रचेर तित्रा लगाई कल्की र तीन तारा
वतुर वतुरको चतुरपनाले शिँगार गर्थे उनी बिचारा
तीनै भुवनको उ एक मालिक न बोल्न अरूमा कदापि दिन्छ
न एक वाती उपायवाला बसेर वनमा सुशील हुन्छ ॥

(३६)

बताऊ तित्रा ! तिनै भुवनका लगाइ कल्की सदा ठट्यौला
म हार खाने तिमी विजेता बताउ तिम्रा उपाय नौला ।
सुनेर खितखित गरेर हाँस्दा "धूधूत" गर्छन् लबारपाँडे
उ भन्छ सुन्नु पटक्क वार्ता ! बताइदेऊ मलाई हाँडे ।
कहाँ छ उपमा कहाँ छ महिमा समाइ पुच्छर बनेर ज्ञानी
हिलिल्ल हाँसी उडाइदिन्छौ कुराहरूको जरा नजानी ॥

(३७)

खनेर खाडल घडा असर्फी सुटुक्क गाडी सरक्क छोपी

मलाई सपना भयो भनेर गिराउँ चुक्ली बनाई लोभी।
तपस्वी कन्या लिएर खन्ती उषा उज्यालो सुचारु काल
पवित्र भावी बनेर खन्दा छ कोष मिल्ने भनी विशाल
म ठीक जग्गा शकुन्तलामा बताइदिउँला हुने खजाना ॥
इनाम दिउँला म आधि त्यसको मिठाइ लड्डू खरिद्न खाना
भनेर हो वा उपाय राम्रो भनेर ठोकेर बन्द मुट्ठी।
सुमूर्ख जस्तो विना मगजको छ लोभवाला वकंश छुट्टी ॥

(३८)

अहा! तिनी छन् सुवर्णभन्दा सुवर्ण जस्ती सुवास वाला
तँ मूर्ख लोभी न बुझ्न सक्छस् मिठाइ ढड्डू सुशील चाला
यहाँ न वनमा छ लोभ लालस न जीव जन्तु कुनै मदालस
कुवेरभन्दा धनी छ वन यो फुटेर पन्ना प्रवालका रस ॥
यहाँ छ सन्तोषको मिठाइ जो पार्न हँस्सी मिठास हाम्रा
यहाँ छ विद्या हरा भरा सब र सभ्यताको मिहीन आसव।
यहाँ छ झुल्दी नवीनताले झरेर स्वर्गिक खुला प्रभा सब
उनी यहाँकी परी कुसुम छन् सुवास उनको अवर्षनीय
न बोलने छन् मिहीन टूना सुचारु रेखा सुभावनीय
सुवर्णको छन् घडा तिनीझैं सुधा अरखकी मिठासवाली
छ कल्पना नै भिखारिनी जो नजीक जान्छे घुमेर खालि
अनेक गुणका जरा फिँजारी घरा सिँगारी भजेर स्वर्ग।
सदैव बढ्छिन् खुला हवामा सदा रसीली सदा हँसीला
अनेक टूना फुलेर उठ्छन् विचित्रका रंगहरू निकाला
उपाय मेरो छ खालि रहनु नजीक कल्पी बनेर माली
ककल् ककल् सलील जलको झभल् झभल् छटा छ चंचल
रजत चपल छन् शिला विचुंबी उपल हराको छ बोल जलजल

लिएर चढ्दा धपक्क रविका किरण बुनेका सफेद अंचल
लहरवरी जन् सुबोल चलमल नटी उज्याला घुमेर झलझल।
छचल् मचल्मा छ शैल सरिता वसंत बोल्छे घुमेर पलपल।
पहाड मदिरा झरीरहेकी समान बग्दी तरल छ सलसल
छ नागवेली परेर सुन्दर कतै गहीरी बनेर टलपल
कुरंगहरूकी तृषा उज्याली वनस्थलीकी सिँगार चंचल ॥
छ शैल थुम्काहरूकी फेदी कुसुमहरूकी विलासवाली
चलीरहेकी छ गान पथमा लताहरूका मिलेर लाली
हरा किनारा सिँगारवाली छ मालिनी झैं अरण्य पोषी
शिला मसीना सलक्क कुँद्दी चपल छिनाले लहर उचाली ॥
घनी रंगीलो किनार सुन्दर
अगाडि देखे प्रसून मन्दिर।
उँचा जगामा लहर विचुम्बित
रसाई फुल्दो पहाड अमृत ॥

(३९)

सुनेर आफ्नो कन्याइ केश "उपाय शोच्नेछु फेरि बेश
भनेर गौडी मकै चपाई छ भौँ बटारी प्लवंग वेश
अधीर डुल्छन् झलक्क संझी घडा लिएकी रसोमयी ती,
समस्त वनमा रसाइ पल्लव फुटाई पन्ना प्रसून पत्ती ॥
बलीरहेकी खुला दिनैमा मृदुल वनेली मिठास बत्ती।

(४०)

कतै उज्यालो पहाड फेदी नदीकिनारै सुचारु वनमा
चरा सुभाषी मिठास बासी सुशीतलो जो हरा पवनमा
सुदूरताको लिएर टूना रहस्य राम्रो गभीरतामा

छिपेर पत्तीहरू हरामा प्रकृत निकेतन लिई लतामा ॥
रंगीन शासन गरी रहेकी परी उज्याली बली वनेली
मिलेर सपनाको प्रेरणामा, लिएर यात्रा खुशी रसिली।
रमीरहेका समीपवर्ती मुहार-प्यासी भजेर झल्का ॥
समान हाम्रा क्षितीश डुल्छन् बनेर खोजी वनेली थलका ॥

(४१)

वसंत ऋतुका प्रतापवाला प्रियांशु धप्की खुला प्रभाकर
छन् मध्य रेखा समीपवर्ती फिँजाइ न्याना असंख्य नीकर।
छ सानु छाया पनि प्रभावी प्रशस्तताले वनस्पतिको
छ छिर्बिराई मिठी छहारी छ शीतदाना सबै सुकेको ॥
वफाई उड्दै वनेली शीतलपना हवामा घुसी लुकेको
छिरेर छिर्का र चारु शिर्का किरण छ न्यानोपना झरेको।
तथापि ठंडा मिसेर वनले छ नातिशीतोष्णता भरेको
उडानलाई नभै जरूरत रंगीन पक्षी प्रशाख बन्छन् ॥
र छिबिरे त्यो प्रभा परेका विचित्र बोल्दा सुचित्र बन्छन्
हवा छ ढीलो कुसुमहरूको त्यजेर छाती सुवास उड्दो।
फिका तुवाँलो परी नि नीलो छ व्योम धूलो पराग उड्दो
छ कोपिलाको मिठास फुक्दो र मंजरीको लमाइ बढ्दो ॥
र न्यानिएका-विहंग शिशुमा छ नीद जस्तो मिठास चढ्दो
सुवास केही अरख उडेझैं हवा लवाइ छ सुस्त बढ्दो।
किरणहरूका चुनेर रंग कला छ वनले मिहीन पढ्दो।
कुरंगवाला प्रभाव तापी कन्याइ माग्दी छ मानि संचो ॥
र कीट बोल्छन् वसंत वनमा छ जिन्दगीमा मिठास चढ्दो
विहंग कोही लिएर चक्कर गगन बिहारी छ जाँच गर्दो।
छ मार मानो वसंत शासन जमाई आफ्नो प्रभाव छर्दो

तथापि त्यसमा वियोगलाई विषादको जल नजरमा भर्दो ॥

(४२)

म जान्छु डुल्दै "भनेर हिँडछन्" तिमी अलीछिन यहाँ बसेर
बनेर गौडी विचार गर्नु उपाय राम्रो खडा गरेर।

(४३)

अगाडि बढ्छन् झुकेर राजा मलीन तेजी विचार-शील
वरिपरी छन् नजर कुनाले चिहाउँदा ती कुना बनेली।
कतै लुकेकी मुहार मिल्लिन् भनी झल्को मिली रसीली
छटा उनैको छरीरहेकी वनस्थलीमा हरा हँसीली ॥

(४४)

मुहार नभए झलक सुमनका सुचारु रेखा कतै मिलेर
खुशाउँला मन भनेर हेर्छन् विचार ढीला बनी चलेर।
छ पाइलाको समान रेखा जहाँ हलूका वहाँ अडेर
नुहेर जाँच्छन् घुमेर हेर्छन् कहाँ छ टूना बढी भनेर।

कमल फुलेको छ पात चिल्लो
मृदुलपनाको धवल फुकाई।
भुवालु खैरोपना छ उल्टो
सुस्निग्ध पत्ती यसो घुमाई ॥
त्यहाँ छ जाई लता र तरुको
दोसाँध जस्तो बनी प्रशाखा।
मसीनी पाते छ झम्म झाँग
सुवर्ण ढुंग्री रसी फुलाई ॥
भ्रमर र मौरीहरूको भुन्भुन

छहारी छिर्बिर हरा बनाई।
नजीक चम्पा छ गन्ध चर्की
भुवालु कुड्मल हरा फुकाई ॥
र सुन्तलाको सुवास गिर्खा
झरीरहेको छ मग्मगाई।
दुधालु पत्ती छ लालपाते
छ सानु बोटै वसंत लाली ॥
सफेद नीली कलिली केस्री
खिरीली वृन्ती छ झप्झपाई।
छ नील घंटी सुधा कचौरा
सुवर्ण गाभा र दीर्घ केशर ॥
विहंग पंखी अनंग वाण
वसंत पुतली सुचारु छिर्बिर।
झुलीरहेछन् लता फुलेका
झुलीरहेछन् वसंत रंग ॥
समीर शीतल छ मन्द चल्दो
प्रफुल्ल हाँगा लता हिलाई।
छिपेर बोल्छे वसंत वाणी,
मिलेर पर्दा हरा पलाई ॥
भ्रमरहरूको छ पंख भूँ भूँ
छ सुन्न मधुकरको गुन्गुनाई,
दुभो मुनाले हरा छ भुइँ त्यो
छ छापिएको प्रसून-घाम ॥
र मंजरी छन् त्यहाँ कलीला
वसंत सिर्जन छ कल्कलाई,

अरण्य देवी निवास जस्तो
कुना रंगीलो, लता-निकुंज ॥
कथाको वनभैँ खुला भएको
प्रसून वेष्टित सुवास केन्द्र ॥

(४५)

झलक्क पाए त्यहाँ बसेका ठिटीहरूको सुरेख झल्का
यता पछाडि बहेको केश नितंब-स्पर्शी धनी हलूका।
उता उज्यालो कपोल पाटा सुनै पिटेको सलक्क पुष्ट
कपाल बान्कीले कान आधा छिपेर भौँको कुना छ स्पष्ट ॥
यता कटीको सलक्क रेखा छ लच्किएको कला दुरूस्त
उता छ लेटीरहेकी सुषमा कपालहाते विचारशीला।
छ केश झर्दो मुना-मिठासी बहेर कर्के फरक्क झर्दी
छ आँग आधा सरक्क छोपी हरा भुइँको मिठास हेर्दो ॥
बनेर लामो कटी छिपाई नितम्बनजीकै छ हात झर्दो
कुहिना छ टेवा मुहार लाल र कानदेखि कपालसम्म।
छन् वाम औँला क्रमाधिरूढ झरेर दोटा छुँदो छ भौँले
लिएकी लाली किरण-लजिली भ्रमर प्रशंसाहरूको रंगमा ॥
नवीन सम्सम खुलेर बैँसे जगत् नयाँमा प्रवेश गर्दी
स्वकल्पनाका महल उज्याला र दृश्यपटमा प्रकाश भर्दी।
विहार गर्दा त्यहाँ अकेला कुनै स्वरूपको विचार गर्दी ॥

(४६)

झलक्क देखी पुलुक्क हेरी फुलारू झाडी लिएर आड
फुलेर छाती छ ढक्क जसको बढेर प्रेमी विशाल बाढ।

चियाउँदा ती बने चनाखा विपिन लताका मिठास चोर
टपक्क रोकेर श्वास हेर्दा, सह्माल्न खुंची शरीर चाल ॥
तथापि आँखा थिए चनाखा कुना प्रयासी मिठास पिउँदा
नगड्बडाई स्वतंत्र चाली प्रकृत फुकापन खुलस्त भज्दा।
छ त्रास कोही पुलुक्क हेर्ला फरक्क फर्की नजीक आई
कि मोहिनी त्यो स्वतंत्र उड्ला सुखी घडीमा पयर चलाई
छ चोरऔंला दुवै अधरमा नजर छ घुम्दो फिरी समाई
कला न यस्तो सिपालु जान्ने छ चोर कोही नृपेन्द्र पाई ॥

(४७)

नजीक बोल्दी मिठास नखरे र भौंकी ठिटी खडा छ चारु
उ भन्दछे क्या! मदन जगत्की कलाकी कच्चा तिमी शिखारु।
सबै जनामा यहाँ बसेका तिमी पुरुषभैँ बुझेर शरमी
न बात दिलको खुलस्त भन्छ्यौ छ बैंसकी जो विलास-धर्मी।
कमलको गट्टा छिपेर भित्रै प्रकाशदेखि सदा छ भीरु
मलाइ देख्ने छ को भनेभैँ तथापि बास्ना खुला छ हेर!
तिमी छिपाऊ शिकेर मिथ्या तरुणपनाको लिएर लाज
कहाँ छ छिप्ने खुलस्त झन् झन् बनीरहेको छ वास आज ॥
भ्रमर छिपाई अँधेर राती तिमी त भन्छ्यौ रहस्यमा छ
तथापि भुनभुन उडीरहेको सदैव भन्दो छ त्यो यहाँ छ।
फुकेर छाती सुवास फुस्की प्रकृतपनामा प्रसून हाँस्छन्
र कोपिलाले किरण पसेका समीपवर्ती सँगी सुवास्छन् ॥
पुरुषप्रभामा छिपेर तारा रहस्य खोपी भजी बिलाई
हुँदा जनाना शशीको शासन कुरा खुलासा गरेर नाच्छन्।
पयोधि ज्वाला मिलेर सपना पयर दुगुर्दा बनेर बोल्छन्
र कोयलीले वसंत देखी सदैव हाँगा लुकेर बोल्छन् ॥

तिमी लजिली शरमकी खानी जगत् नजानी खराब बानी
प्रकृतपनाको मिठास छोडी सदैव बाङ्गी बन्यौ रिसानी।
सुटुक्क मेरो श्रवण-विवरमा वचन मधुरमा नसुन्ने स्वरमा
दिलैका पल्लव अधर उचाली छलेर मधुकर समान आली ॥
दुवै वचनमा बताइदेऊ रहस्य राम्रो कुनै निकाली
भनेर झुक्दी निकट अधरका गराउँदी जो छ वामकान।
चपत शरमको मिलेर गाला प्रफुल्ल बन्दी मुसुक्क जान
खिँचेर हाँसो रिसाउँदीझैँ दुख्यो भनेझैँ लिएर मान।
सरक्क लाली निकाली कृत्रिम छ नक्कले क्या सलक्क कान ॥

(४८)

बढेर इच्छा, कुरा त्यहाँको छ कस्तो बान्की? बनोटदार
कहाँ छिपेको? कसोरी खुल्ने? भनेर हेर्दा जगत् जुहार।
छ को बसेको? पछाडि पर्दा? म भाग्यमानी हुँला र त्यत्ति?
भनेर मानो सुँघेर हेर्दा समीपवर्ती वनेली पत्ती ॥

(४९)

प्रियम्वदाले समीपवर्ती कमलको पत्ती लिएर हम्किन्
"वसंत सारै मदनको माद छ तापवाला" भनेर चम्किन्।
छ मध्यरेखा चढेर दिनले कुसुमहरूको अधर सुकेको
र लाज मानी करै करैले छ कोपिलाको कुरा फुकेको ॥
चरक्क चर्की जवाकुसुमले गरम भयो कि सखे तिमीमा
छ रंग चड्का चढेर बास्ना हवामा गर्मी भई, लुकेको।
उ कोयलीले विदीर्ण छाती रंगीन शरका बिझेर टुप्पा
"उहुँ उहुँ" झैँ गरेर बोली भजेर शीतल प्रवाल झुप्पा ॥
नबोल चारु चिरिक्क चर्की शरमको लाली गरममा छर्की

नरम कुराले शरम छ शीतल न बोल्न जान्ने सलक्क हुर्की।
त्यसै खुलेको मधुर छ बास्ना चुँडेर कुड्मल नच्यात झर्की।
नजीक बस्ने छ पाठ मीठो, नहेर आँखा यसोरी कर्की ॥
अहो सखे! के यहाँ छ ढुकढुक् गरीरहेको लयालु चास्ना
उ "काफल पाक्यो" भनी चराले छ बोल बोल्दो क्या रंगवाला
कमलकी गट्ठा लुकेर बस है। न हामी हेर्छौं रहस्य तिम्रो
न नाम खोज्छौँ भ्रमरको हामी जो दिलको तिम्रो छ चाख राम्रो
तथापि देखे झलक्क काहीँ गरे नि माफी सखे रिसानी
सुनेर हेर्छिन् घुमेर केही सुकी उज्याली नजरकी नानी।
नरेन्द्र केही सशङ्क लुक्छन् "मलाइ देखेकी क्यार?" मानी

(५०)

बुझेँबुझेँ लौ रहेछ कोही! नजर छ स्त्रीको छिपाइ द्रोही
पुलुक्क हेर्दो छ चोर आँखा घुमेर मानो अजान मोही।
नभै हवा के प्रसून कर्की फुरुक्क बन्छे वसंत वनमा
रहेछ द्यौता छिपीरहेको छ खोज जसको खुला नयनमा।
त्यसै रिसानी नहोस् न नानी छ पाप लाग्ने छिपेर सत्य
भयो भयो लौ, हुँदै नभैको कुरा गरेछु बुझेँ म झुटी।
छ शून्य सारा न एक तारा छ दिन खुलामा गगनको दीप
अँधेर राती रहस्य जाती भनेर झुल्कीदिनेछ ताँती ॥
हरेक कुसुमको छ दिलको लागि जो एक बत्ती उ स्वर्ग भागी
तथापि सोही छिपाइ हाँस्छन् खुला दिवसमा अरूको लागी।
ठूलो छ पाप रे सखे बुझे है! नबोलि बोली छिपाउनामा
अनेक मिथ्या भनेर नकली स्वमित्रलाई छकाउनामा ॥
र बोल्नुभन्दा नबोल्नु ठूलो छ पाप भन्छन् लुकाउनामा
शरीर गल्ने र आत्मा जल्ने कलुष अधर यी सुकाउनामा।

दिएर कुंजी सुदुःख दिलको अलीकति ता खुलाउनु रे
न ता जलेरै दुखाइ आत्मा छ यमपुरीमा डुलाउनु रे
समस्त धर्म्म जगत्का भन्छन् सुहृदको आँखा नहाल बादल
छ भित्र कालो रे पाप छाया र वाह्य कालो छ खुल्ने गाजल!
सुनेर दिलका कुरा उनीले हवा हवामा न भेट्न आए
अनेक युक्ति बताइदिउँला बुझेर आफ्नो कुरा सुनाए ॥
शरीर दुब्लो भएर आयो सुकेर आयो प्रवाल ओठ
तिमी कपटकी भकारी हुन्छ्यौ निः पाप लाग्ला अलीकता एः
प्रियम्वदाका सुनी कुरा ती सही छ चारू बुझेर भाव
शकुन्तलामा परेछ निक्कै प्रशस्त साँचो भनी प्रभाव ॥

(५१)

नजीक बस्दी प्रियम्वदाले कपोल दुइमा लगाइ हात
'छिः छिः नछोऊ मलाई' भन्दी शकुन्तलाको उचालिन् माथ।
"गलीसकेको छ वाम बाहु अडाउ शिर है यहाँ नरममा
छ काख मेरो नरम तकिया सिरीष कोमल भुवासमान ॥
मुहार तिम्रो छ जून जस्तो अडाऊ शिर है शरम नमान
बुझी जनाना अडान मेरो विवाहिता झैँ तिमी नठान।
यहाँ छ लज्जा लिने के कारण? तिमी र हामी जुँघाविनाका
नउम्रने रौं कपोल माथि र एक बान्की उही छिनाका ॥
बताइदेऊ मलाइ प्यारी छ कैले चल्दो तरंग भारी
नजर छ सपनाहरूले लामो र वस्त्र मानो भए झैँ भारी।
शिँगारहरूको न चाहना छ असलपनाको तरंगकारी
बुझीसकेका सबै चनाखा नजरहरूले चमक इशारी ॥
शकुन्तला छन् मदनको शरले बिझेकी भन्छन् हरे बिचारी
अबोलपनले कृपांगिनी छन् छिपाई दिलको रहस्य जारी।

छ तिनको मुटुमा तरंग स्पन्दन वसंत षोडश-उमेरवाला
कुनै कुनै ता नबोली मर्छन् कुसुम झैँ वैली वसंतवाला ॥"

(५२)

तिमी बताऊ नता यो छाती वसंत उन्मादले समाती
बनेर पागल त्यसै फिरौली वसनविहीना तरंग काती
प्रियम्वदाका कुराले मीठा बुझ्झाइएकी शरम फुलेर
अनेक ढंगका कठिनपनाका मिठास लज्जतहरू रँगाई
देखाउँदीछन् ती असजिलोपन छ बोल्न बाधा भनी मलाई ॥

(५३)

"न खान मीठो न प्यून स्वाद कुराहरूमा न क्यै मिठास
विजन भजूझैँ तरंग गर्दै बराबरी भै दुखी निराश।
बसेर रूँ रूँ हुनेछ कहिले अनंत ताराहरू निहारी
झलक्क केही गुमेर जाने नआउनेझैँ गरेर भारी ॥
तिमी त नास्तिक बनीसकिछौ खुलस्त आत्मा न बन्न सक्ने
छकाउँदीछौ कि लाज मानी जगत् विधाता समस्त बुझ्ने।
जति खुलासा गरेर बोल्यो उति हलूका हुनेछ छाती
न ता नझिम्की परेर निद्रा सधैँ छ बस्ने उरै समाती ॥
सुनीसकेका बुझीसकेकाहरूले बुझ्दछन् समस्त चाला
छिपाउँदी छु भनेर हिँड्दी खुलस्त झन् झन् छ बैँसवाला।
खराब लाग्ला कपाल दुख्ने र रोग छाती समाउने है
सुकी अधर सब कलेटी पर्ने तरंग मनमा घुमाउने है ॥
बढेर ज्यादै भए त चर्की न ज्यून सक्छन् तरुण शिकार
छ षोडशाको यही त रोग छ न लाग्ने औषध र फूकझार।
भनीदिनु नै गरी खुलस्त छ एक यसको बुटी प्रशस्त

र भीरु दिलका त कोही मर्छन् नबोल्न पाई बनेर ग्रस्त ॥
भने भने है ! नभन्न इच्छा भए नभन्नु मलाई के र
हितैषिताले यति सुनाए बुझेर बोल्छ्यौ कि क्यै भनेर ।
छ लाज उल्लू ! पुरुषअगाडि प्रकृतपनाको न हामी साथ
सँगीहरूमा न त्यो बताए छ को र ? बुझ्ने नि ? धर्म्म बात ?
समीर पोल्ने र फूल बिझ्ने चसक्क काँढासमान तीखा
परेर गाँठो नफुक्ने छाती र घुँक्क घुट्का समान पारी ॥
हुँदो हो कहिले सखे ! तिमीमा छ रोग लक्षण मलाइ जारी
प्रियम्वदाका कुरा सुनेकी मिलेर सारा मुसुक्क बन्छिन् ।
अनेक यस्ता कुराहरू ती सुनूँ सुनूँझैं बनेर सुन्छिन् ॥

(५४)

"कहिलेदेखि भएको यस्तो ! त्यो दिन थियो कि वसंत चारु
र कोयलीकै सवाल गर्थी ? वसंत को हो भनी फुलारु ।
रंगीन कपडा लगाइ राम्रा सुटुक्क आई कुरा सुनाई
शिकार पारी कुसुमको छाती वसंत वनमा हुलेर काहीँ ॥
संबोधिताले मुसुक्क हाँसिन् तरेर आँखा ठूला कुरंगी
बुझैं बुझैं लौ प्रियम्वदा ती भनेर हुन्छिन् अरू प्रसंगी ।
तथापि मीठो भरेर पाना स्वमूल विषयी गुलाफ रंगी

(५५)

शकुन्तला ती लजाई भन्छिन् भ्रमर त्यो पापी पछाडि भुनभुन
गरेर लाग्दो त्यो रोजदेखिन् जलीरहेको छ भित्र छिनछिन
न बोल्न सक्ने विचित्र ज्वाला न खोल्न शकिने कुनामा दनदन
भनेर गर्दी सुधो प्रकाशन झुकाइ लाम्चा सजीव लोचन ॥
पुलुक्क हेरी सखीको मुखमा शरमको लाली बनेर मोहन

बढेर धक झन् फरक्क फर्की अधरमा औँला दिएर झुक्दा।
मुसुक्क हाँसे गरी इशारा नयन जुधेका दुवै ती आली
प्रसन्न ढुकढुक कुवेर चेती नृपेन्द्र हुन्छन् पछाडि लुक्दा ॥

(५६)

गरे कि त्यो दिन कुनै इशारा? नजर कुनाले कि चालद्वारा
त्यसै कि आफैँ विमुग्ध बन्दी फस्यौ मनैमा प्रतापद्वारा।
शकुन्तला हे! विहंग-संगी खुला बताऊ गला सुरीली
नलेऊ संकोचको छिपाइ बताऊ विन्ति खुला रसीली ॥
प्रियम्वदाका मिठास मोहन शकुन्तलाका रहस्य दोहन
बनेर खिच्छन् लजिला लोचन शरमका ढकनी भनी उज्याला
झुकेर हेर्दा लगाइ पर्दा उठेर बस्दी वनेली बाला ॥

(५७)

भनूँ भनूँझैँ तथापि लज्जा खुलूँ खुलूँझैँ अधर छ बन्द
खुलस्त मेरो हुँदैन छाती भनेर खुल्छन् मुसुक्क मन्द।
र छुन्मुना भै "भो नाइँ नाइँ" समान गर्दी प्रकाश भाव
त्यो असजिलोपन प्रकृत छ सुन्दर सिँगार भर्दा सुधो स्वभाव ॥

(५८)

"त जो छ तिम्रो गहीरो दिलमा मुटु कुरा त्यो बयान मुश्किल
न ओठ आए सरक्क लेखी कमलको पत्ती बनाउ शीतल।
नहेरिरहूँला बरू अरूले खुलस्त दिल ता हुनेछ शीतल
प्रियम्वदाले थपिन् र मानो त्यही छ यौटा भनी इलाज ॥
लजीला ढीला बढाइ हात समाउँछिन् ती कमलको पात
मुसुक्क मुस्की ती सुस्त भन्छिन् "मलाइ के केको लाग्छ लाज।

(५९)

"त्यो लेख्दालेख्दै हराइ जान रहन्न धेरै" भनेर चारु
उत्साह दिन्छिन् र 'लेख' भन्छिन् ती भित्री अक्षरहरू फुलारु"
"कमलको दलले सरक्क घेरी पहेँलोपनले सफेद भुइँमा
"अस्पष्ट हुन्छन्" भनेर आर्की विरोध गर्छिन् सवाल सहीमा।
"म एक काँढा लिएर कोर्छु रगत निकाली मसी भैँ रातो
यो मेरो औँली तिमी त्यसैले सलक्क लेखे लिएर तातो।"
प्रियम्वदाको सुनेर बोली नजीक काँढा बिभ्काइ तिखो।
मसी निकाली ती लेख्न लागिन् कमलको दलले भुकेर छीटो।

(६०)

कुरा के लेखुँ भनेर शोच्दी उपर दिएकी शुरू गरी "श्री"
समुत्सुकी ती संगी बनाई कुसुम किताबे सरि वनश्री।
गभीरतामा नजर दिएकी प्रबुद्धताको रहस्यभित्र
संगी भुलेकी भुकी फुलेकी विचारशीला विचित्र चित्र
मसी त्यो सुक्ला भनेर छाया घुमेर पारी बनेर छिटी।
सच्चाइले नै खुलस्त लेख्छिन् लुकीरहेको कतै मिठास
चिहाइ हेर्छन् सखीहरूले रहस्य सुन्दर बढेर आश ॥

(६१)

बराबरी ती निचोरी औँला लिपि लजीलो सफा बनाई।
हरफ बनाई तथापि बाङ्गा कमलको आत्मा खुशी रँगाई।
प्रकाश गर्छिन् प्रतापवाला न देख्छ मेरो दिलै जलाई
म आँसुले नै जिईरहेछु करुण नहुन्छन् ती पाद पाई ॥

(६२)

सुटुक्क चोरेर चारु पढ्छ सजल बनाइ नृपेन्द्रलाई
"हरे!" ती भन्छन् दुखी मनैमन बुझ्यो र कसले अनि मलाई।
दुवै चखेवा नदी किनार न ज्योति दिन्थे दिनेश आई
करुण कमलमा छ आँसु दाना प्रताप-वाली उही मलाई ॥
शकुन्तलाको मुहार जाँची पठाइदिन्छु यहीँ म भन्दी
प्रियम्वदाले गुलाफ पारिन् शरम रसीली मुहार बन्दी।

(६३)

"दुष्यन्त आए त्यहाँ अहिले के भन्दछ्यौ लौ तिमी पहिले
बताऊ प्यारी शकुन्तला त्यो" सुनेर धत् धत् भनी खुशीले।
छिपेकी आशा फुलेर मनमा शकुन्तला ती मुसुक्क हाँसिन्
म जान्छु भागी भनेर भन्छिन् उठूँ कि जस्तो गरी रसीली

(६४)

म भन्दिनेछु गई मुमामा कहाँ हो भाग्ने र आज नानी
अँ कत्तिको भो रहस्य पाएँ मलाइ देखाउनू रिसानी"
भनेर घोच्दी भएर चारु डराउँदी ती झुकेर जिल्ल
बनेकी वनकी सुचारु कन्या बनिन् यहाँ क्या अहा! अमूल्य ॥

(६५)

यही छ मौका भनेर छाडी छिपेका ठाउँ प्रसून झाँग
अगाडि बढ्दा नृपेन्द्र बन्छन् खँदीला सपना खुले समान।
चकित् नजरले अरूले हेरे शकुन्तला ती उठिन् जुरुक्क
न हेर्नु शक्दी मुहार दिलको सदाको खोजी बनिन् फरक्क
षड्यन्त्र जस्तो सखीहरूको लागेर मनमा त्यहाँ झलक्क ॥

(६६)

"कुशल छ वार्ता ?" भनेर सोद्धा न क्यै सुने झैँ छिपाइ भाव
प्रणाम पाई सदा उज्याला मदनका मूर्ति समान छन् ती ।
र 'को हो' 'को हो' मधुर गलाले वसंत बोली छिपेर भन्थी ॥

(६७)

गरेर थोरै कुरा सखीले शकुन्तलाको कुरा छ कोही
सर्कारमा नै प्रकाश गर्ने उनैको मीठो वचनले मोही
भनेर फर्की शकुन्तलामा मुसुक्क हाँसी छिपेर बोले
छ काम हाम्रो मुमा नजीकमा खुलस्त आफ्नो रहस्य बोले ॥
भनेर चारु र एक आर्की पछाडि हेर्दै मुसुक्क छोड्छन्
प्रियम्वदाले कुरंग शिशुको नजीक बल्दो पुकार गर्छिन् ।
हिँडेर सखि छन् बनेर एक्ली "कता म भागूँ" बनेकी बाला
पुलुक्क फर्की पयरमा हेर्छिन् न मेट्न शक्दी नजरमा काला
फरक्क फेरि कुसुम तरूको सहाय खोज्दी सलज्ज चाला ॥

(६८)

मलाइ केही थियो कि आज्ञा ? म काम के के छ योग्य ताज
न पृथ्वीमा हो न स्वर्गमा हो सफल पनाको हुने धिराज ।
म इन्द्रलाई जितेर ल्याऊँ अमरपुरीको कि आज आज
न सप्त सागर डुबेर ल्याऊँ अनंत मोती अनंत रत्न
खुलस्त पाऊँ वचन खुशीले संकोच केही नराखी मनमा ॥"

(६९)

संबोधिता ती गुलाफ रानी न खुर्र भागूँ; बसुँ न लाल

भनेर छोप्दी नजर भइन् ती श्रवण विवरमा पसेर लाज।
र जंगली पो रहिछ भन्लान् भनेर फेरि झरेर हात
सहाय केको लिऊँ भनेझैँ चुँडेर बस्छिन् प्रसून पात
नबोल्न सक्ने कुराहरूले छोएर कुत्कुत भए झैँ गात ॥

(७०)

सवाल गर्दा अनेक झन् झन् नबोल्न शक्दी नजीकबाट
"नमान लज्जा" भनेर भन्दा झुकेर झन् झन् कुरंग लोचन।
सुनूँ सुनूँ झैं कुरा रसीला तथापि भागूँ भएर झन् झन्
न खप्न सक्दा पुलुक्क हेरी मुसुक्क हाँसी तिनी बिलाइन्।
सजीव लज्जा समान कस्ती कुरा न यौटा गरेर भागिन्
तथापि लाखौँ कुराहरूमा वसंत देवी बनी पल्हाइन्।
न बोली बोल्ने कला कुँदेकी थिइन् ती सपना त्यसै बिलाइ
भनेर शोच्दै प्रसन्नतामा विषाद छीटो भरेर जाँदा
नृपेन्द्र भेट्छन् माधव्य वनमा मकै फुलेको उँगेर खाँदा
झसंग झस्के सुनेर शब्द शहरका वानर अरण्य बाँधा ॥

॥**समाप्त**॥